राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

२०७४ मङ्सिर ९ गते

आयोगले २७ वटा जिल्लामा निर्वाचनको सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन गर्ने

**मानव अधिकारको सम्मान र संरक्षण गर्न सबै पक्षलाई आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले २०७४ मङ्सिर १० गते हुने प्रनिनिधि सभा र प्रदेश सभा सदस्यको प्रथम चरणको निर्वाचनमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने भएको छ । प्रथम चरणमा निर्वाचन सम्पन्न हुने मुलुकका विभिन्न ३२ वटा जिल्लाहरु मध्ये उच्च हिमाली भेगका केही जिल्लाबाहेकका २७ वटा जिल्लाहरुमा निर्वाचनको समग्र प्रक्रियाको अनुगमन गर्नका लागि आयोगका अधिकृतसहितको टोलीहरु खटिइसकेका छन् ।

टोलीहरुले राजनीतिक दलहरूले शान्तिपूर्वक भेला गर्न तथा विचार अभिव्यक्त गर्न पाएनपाएको, राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएनभएको, मतदाता शिक्षा तथा नागरिक सचेतनाको अवस्था, राजनीतिक दलद्वारा निर्वाचनको क्रममा हुन सक्ने मानव अधिकार हनन्, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक लगायत सबै नागरिकले भयरहीत वातावरणमा मतदान गर्न पाउने अधिकारको सुनिश्चितता, मतदाता र उम्मेदवारहरुको सुरक्षा र निर्वाचन आचार संहितामा उल्लिखित मानव अधिकारसम्बन्धी विषयको पालना लगायतको अनुगमन गर्नेछन् । साथै विभिन्न जिल्लामा सञ्चारकर्मीहरु पक्राउ परेको घटनाप्रति आयोगको ध्यानाकर्षण भएको छ । यस विषयमा आयोगले आवश्यक अनुगमन गरिरहेको छ ।

शान्ति सुरक्षालाई मजबुत बनाई स्वतन्त्र र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गर्न र मतदाताको अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, संयमित र शान्तिपूर्ण ढङ्गबाट निर्वाचन प्रक्रिया अगाडि बढाउन राजनीतिक दलहरुलाईसमेत आग्रह गर्दै आयोग सम्पूर्ण मतदाताहरुलाई निर्भयतापूर्वक आफ्नो मताधिकारको प्रयोग गर्न विशेष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org